नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
चितवन राष्ट्रिय निकुञ्जको कार्यालय
कसरा, चितवन

पत्र संख्या :
चलानी नं:

## प्रेस विज्ञप्ती

**गैंडा मारी खाग बिक्री व्यवसाय गरेको मुद्दाका फरार प्रतिवारीहरु बम बहादुर प्रजा र रामकुमार प्रजा पक्राउ भएको सम्बन्धमा ।**

१. चितवन राष्ट्रिय निकुञ्जमा संरक्षित वन्यजन्तु गैंडा मारी खाग विक्रि व्यवसाय गरेको मुद्दामा वि.स. २०६० देखि २०७० सम्म १० वर्ष कैद भुक्तान गरी रिहा भई पून: संरक्षित वन्यजन्तु गैंडा शिकार गरि त्यसको खाग राख्ने खरिद/विक्रि तथा ओसार पसार गरेको विभिन्न कसुरमा प्रतिवादी कायम भई फरार अभियुक्त जिल्ला चितवन राप्ती नगरपालिका वडा नं. १० स्थायी ठेगाना भएका शुक बहादुर प्रजाको छोरा वर्ष ४१ का रामकुमार प्रजालाई मिति २०७९/०३/१३ गते केन्द्रिय अनुसन्धान व्यूरोको विशेष सहयोगमा जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं ४ बाट पक्राउ गरी यस कार्यालय मार्फत मिति २०७९/०३/१५ मा जिल्ला अदालत भरतपुर चितवनमा पेश गरियो ।

२. चितवन राष्ट्रिय निकुञ्जमा संरक्षित वन्यजन्तु गैंडा मारी खाग विक्रि व्यवसाय गरेको मुद्दामा वि.स. २०६० देखि २०७५ सम्म १५ वर्ष कैद भुक्तान गरी रिहा भई पून: संरक्षित वन्यजन्तु गैंडा शिकार गरि त्यसको खाग राख्ने खरिद/विक्रि तथा ओसार पसार गरेको विभिन्न कसुरमा प्रतिवादी कायम भई फरार अभियुक्त जिल्ला चितवन कालिका नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भएका सिंह बहादुर प्रजाको छोरा वर्ष ४३ का बम बहादुर प्रजालाई मिति २०७९/०३/१६ गते केन्द्रिय अनुसन्धान व्यूरो जिल्ला प्रहरी कार्यालय धादिङ्गको सहयोगमा चितवन राष्ट्रिय निकुञ्जको नेपाली सेना सहितको विशेष टोलीले जिल्ला धादिङ्ग बेनीघाट गाउँपालिका वडा नं. ३, मलेखु बाट पक्राउ गरी यस कार्यालयमा पेश हुन आएकोमा नियमानुसार श्री जिल्ला अदालत चितवनमा पेश गरिने छ ।

निज अभियुक्तहरु संलग्न भएका मुद्दाको विवरण यस प्रकार छ :

| मुद्दा नं. | गैंडा मारेको वारदात स्थल | पक्राउ मिति | कसुर | पक्राउ पर्नेको नाम |
|---|---|---|---|---|
| 077-C2-0005, 077-C2-0008, 078-C2-0005, 078-C2-0007, 078-C2-0008 | निकुञ्जको घांघर क्षेत्र, भोसरघाट मर्दिघोल क्षेत्र | २०७९/३/१३ | संरक्षित वन्यजन्तु गैंडा शिकार गरि त्यसको खाग राख्ने खरिद/विक्रि तथा ओसार पसार | राम कुमार प्रजा |
| 077-C2-0005, 077-C2-0008, 078-C2-0004, 078-C2-0005, 078-C2-0007, 078-C2-0008 | निकुञ्जको घांघर क्षेत्र, बहापुर क्षेत्र, भोसरघाट मर्दिघोल क्षेत्र | २०७९/३/१६ | संरक्षित वन्यजन्तु गैंडा शिकार गरि त्यसको खाग राख्ने खरिद/विक्रि तथा ओसार पसार | बम बहादुर प्रजा |

लामो समय देखि फरार व्यक्तिलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सहयोग गर्ने यस कार्यलयमा कार्यरत कर्मचारी, नेपाली सेनाको खड्गदल गण, नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय; जङ्गी अड्डा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, जिल्ला प्रहरी कार्यालय धादिङ्ग, एवं स्वच्छ र विश्वासनिय समाचार सम्प्रेक्षण गर्ने पत्रकार मित्रहरु, स्थानीय संरक्षणप्रेमी जनसमुदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौं ।

सूचना अधिकारी
गणेश प्रसाद तिवारी